PRO PUBLIC
Forum for Protection of Public Interest
Seeking and obtaining social, economic, environmental and political justice for the disadvantaged and marginalised groups

Our Ref:

# प्रो पब्लिकको असल शासन कार्यक्रमले शु रू गरेको असल शासन अभियानमा स्वत:स्फूर्तरूपमा आवद्ध हु न चाहने अभियन्ताहरूको लागि बनेको निर्देशिका

*प्रो पब्लिक*को असल शासन कार्यक्रमको उद्देश्यअनु रुप यसअर्न्तगत स्थानीय स्तरमा असल शासनको अवधारणालाई विस्तार गर्ने उद्देश्यले स्वत:स्फूर्त रुपमा गठन भई असल शासन कार्यक्रमसँग आवद्ध हु नचाहने *"असल शासन क्लब"*, *"असल शासन क्लब जिल्ला समन्वय समिति"* र *"असल शासन क्लब महासंघ"* गठन गर्दा निम्नानु सारको नियम पालना गनु र्गराउनु यससँग सम्बन्धित सबैको दायित्व हु नेछः

१) असल शासन क्लब, यसका जिल्ला समन्वय समिति र भविश्यमा बन्ने महासंघको उद्देश्य असल शासन, लोकतन्त्र तथा मानवअधिकार रक्षाका लागि भ्रष्टाचार, ढिलासु स्ती र अनियमितताविरुद्ध आवाज उठाउनु हु नेछ ।

२) त्यसैले, स्थानीय स्तरमा असल शासन क्लब गठन गरी माथि उल्लेखित उद्देश्य प्राप्तिका लागि स्वत:स्फूर्त काम गर्न इच्छु क व्यक्तिहरुको बैठक बसी उपस्थित सहभागीमध्येबाट कम्तिमा सातजनाको कार्य समिति बनाएर असल शासन क्लब गठन गर्न सकिन्छ । त्यस्तो समितिमा ५० प्रतिशत महिला र दलित वा जनजाति मध्येबाट एक जना अनिवार्य रुपमा सहभागी भएको हु नु पर्ने छ । यो अनिवार्यता *"असल शासन क्लब जिल्ला समन्वय समिति"* र *"असल शासन क्लब महासंघ"* गठन गर्दा पनि लागू हु नेछ । यो प्रकृया नपु र्याई गठन गरिएका असल शासन क्लब, असल शासन जिल्ला समन्वय समिति तथा यसको महासंघलाई प्रो पब्लिकको असल शासन कार्यक्रमले मान्यता दिने छैन । *(स्थानीय स्तरमा असल शासन क्लब गठन गर्ने थप जानकारी संलग्न अनूसूचि-१ को पेज नं. ६ र ७ मा दिइएको छ ।*

साथै असल शासनको आन्दोलनलाई धु मिल्याउने उद्देश्यले जोरजु लु म गरी कहिकतैबाट असल शासन क्लबका सदस्यहरुको भावना विपरीत अराजक, अप्रजातान्त्रिक तथा अपारदर्शि तरिकाले कु नै पनि संरचना गठन गरेको पाइएमा प्रो पब्लिकको असल शासन कार्यक्रमले तत्काल त्यस्तो संरचनासँग आवद्ध असल शासन क्लब तथा जिल्ला समन्वय समितिका सदस्यहरुलाई तत्काल निलम्बन गरी उपयु क्त निर्णय लिन सक्नेछ ।



P.O.Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4268022
E-mail: gg@propublic.wlink.com.np propublic@wlink.com.np www.propublic.org

३) असल शासन क्लबहरुको *"जिल्ला समन्वय समिति"* गठन गर्दा जिल्लाभरी खु लेका सम्पूर्ण असल शासन क्लबहरुमध्ये बहु मत प्रतिनिधिहरुको अनिवार्य सहभागीतामा प्रजातान्त्रिक, मर्यादित र प्रतिनिधिमूलक तरिकाले जिल्ला भेला बोलाएर बहु मत सदस्यहरुको सहमति र समावेशी ढङ्गले मात्र गठन गर्न सकिन्छ ।

४) असल शासन क्लबहरुको छाता संगठन *"असल शासन क्लब महासंघ"* को गठन *"असल शासन क्लब जिल्ला समन्वय समिति"*का आधिकारिक प्रतिनिधिहरुको सहभागितामा प्रो पब्लिकको असल शासन कार्यक्रमको तर्फबाट आयोजना गरिने *"असल शासन क्लब सञ्जाल बैठक"*बाट गरिने निर्णयअनु सार उपयु क्त समयमा गरिनेछ । साथै असल शासन कार्यक्रमको तर्फबाट अन्तिम रुप दिइने *"असल शासन क्लब महासंघ"*को विधानमा व्यवस्था भएअनु सारका प्रतिनिधिहरु पनि सो महासंघको गठन प्रक्रियामा सहभागी बन्न सक्नेछन् ।

५) *सदस्य :* क्लब गठन गर्न अनिवार्य रुपमा कम्तिमा पनि ७ जना (५० प्रतिशत महिला सदस्य हु नु पर्नेछ , साथै दलित वा जनजाती मध्येबाट एक जना अनिवार्य हु नु पर्नेछ) सदस्य हु नु पर्छ भने बढीमा १७ जनासम्मको कार्यसमिति बनाउन सकिन्छ । यो व्यवस्था *"असल शासन क्लब"*, *"जिल्ला समन्वय समिति"* र *"असल शासन क्लब महासंघ"* गठन गर्दा पनि लागू हु ने छ ।

६) *पदाधिकारी तथा कार्यसमिति* : क्लबको कार्य सन्चालनका लागि सानो र चु स्त कार्य समिति गठन गर्न सकिन्छ । जसमा विभिन्न पदहरु जस्तै अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य राख्न सकिन्छ । पदाधिकारीहरुको सहमतिमा आवश्यकताअनु सार स्वच्छ छवी भएका गैरराजनीतिक बु द्धिजिवीहरुलाई असल शासन क्लब, जिल्ला र महासंघको सल्लाहाकार पनि राख्न सकिनेछ ।

७) *पदावधी* : असल शासन क्लब तथा यसको जिल्ला समन्वय समिति र महासंघको पदावधि २ वर्षको हु नेछ । दु ईवर्षे कार्यकाल समाप्त हु न ३ महिना अगावै सबै तहमा साधारण सभा बोलाएर अनविार्य रुपमा *"पु नर्गठन"* वा *"नयाँ कार्य समिति"* गठन भएको हु नु पर्दछ । यदि यसो नगरिएमा सम्बन्धित असल शासन क्लब, यसको जिल्ला समन्वय समिति र महासंघ निष्क्रिय रहेको मानिनेछ । साथै यस्तो संरचनासँगको सम्बन्ध प्रजातान्त्रिक तरिकाले पु नर्गठन नहु न्जेलसम्म निलम्बन गरिनेछ ।

८) *विधान* : असल शासन क्लब गठन गर्न सहयोग पु गोस भन्ने हेतु ले असल शासन कार्यक्रमबाट तयार गरिएको नमूना विधानमा थपघट गरेर जिल्ला प्रशासन कार्यालयमा दर्ता गराउन सकिन्छ । साथै स्थानीय असल शासन क्लबका प्रतिनिधिहरुको सहमति र सहकार्यको आधारमा असल शासन क्लब जिल्ला समन्वय



P.O.Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4268022
E-mail: gg@propublic.wlink.com.np propublic@wlink.com.np www.propublic.org

समितिहरुले असल शासन आन्दोलनको उद्देश्य, भावना र मर्ममा असर नपर्ने गरी विधान तयार गरेर आफू सम्बद्ध क्लब तथा जिल्ला समन्वय समितिहरुलाई जिल्ला प्रशासन कार्यालयमा दर्ता गराउन सक्नेछन् ।

तर, *असल शासन क्लब महासंघको* विधान भने असल शासन कार्यक्रमले यस अघि नै तयार गरी असल शासन क्लब जिल्ला समन्वय समितिहरुलाई उपलब्ध गराएको प्रारम्भीक मस्यौदामा प्राप्त भएको सु झावलाईसमेत समाबेस गरी अन्तिम रुप दिइनेछ । साथै सो महासंघको विधान असल शासन कार्यक्रमले आगामी २०६४ साल कार्तिक मसान्तभित्र आयोजना गर्ने *"असल शासन क्लब जिल्ला समन्वय समिति"*हरूको बृहत भेलाबाट अनु मोदन भएपछि मात्र लागू भएको मानिनेछ ।

९) *क्लब संख्या* : असल शासन क्लबहरु गाविसमा १८ वटासम्म र नगरपालिकाको प्रत्येक वडामा एउटा गठन गर्न सकिन्छ । यस बाहेक समूदायका व्यक्तिहरुले पनि स्वतःस्फूर्त रुपमा क्लब गठन गर्न सक्नेछन् । यस अघि दर्ता भएका क्लबहरुलाई यो नियम लागू हु नेछैन ।

१०) *दर्ता* : असल शासन क्लब र यसको जिल्ला समन्वय समिति गठन भएको व्यहोराको जानकारी पत्र सबै पदाधिकारीको हस्ताक्षर सहित माइनु टको प्रतिलिपिसहित प्रो पब्लिकको असल शासन कार्यक्रमको ठेगानामा पठाउनु पर्छ । प्रक्रिया पु ऱ्याएर गठन भएका असल शासन क्लब तथा यसका जिल्ला समन्वय समितिहरुलाई असल शासन कार्यक्रमबाट आवद्धताको प्रमाणपत्र उपलब्ध गराइने छ । यसरी प्राप्त हु न आएका क्लब तथा जिल्ला समन्वय समितिहरुको सूचि असल शासन बु लेटिनमा स्थान उपलब्ध भएसम्म प्रकाशित गर्दै लगिनेछ ।

साथै प्रजातान्त्रिक तरिकाले *"असल शासन क्लब महासंघ"* गठन तथा सञ्चालन गर्न असल शासन कार्यक्रमले अभिभावकको भूमिका निर्वाह गर्नेछ । यसका लागि असल शासन क्लबहरुको सञ्जाल बैठकले गर्ने निर्णयअनु सार असल शासन कार्यक्रमले महासंघको विधानलाई अन्तिम रुप दिएर महासंघ गठन तथा सञ्चालन गर्ने प्रक्रियालाई अगाडि बढाउँदै लगिनेछ । साथै उपरोक्त सबै क्लबहरुको दर्ता गर्ने, सम्बन्धको प्रमाणपत्र दिने र व्यवस्थित गर्ने अधिकारको प्रो पब्लिकको असल शासन कार्यक्रमलाई मात्र निहित रहनेछ ।

११) *क्लबले गर्नसक्ने कार्य:*

माथि उल्लेखित उद्देश्यअनु सार भ्रष्टाचार विरोधी जनचेतना बढाउने कार्यक्रम (ऱ्याली, गोष्ठी, अन्तरक्रिया) नागरिक सु नु वाई, सरकारी कार्यालयको नागरिक अनु गमन, बजार अनु गमन, स्थानीय जनजागरण तालिम, पत्रिका प्रकाशनलगायत सम्बन्धित निकायमा उजु री गर्ने खालका कार्यक्रम सञ्चालन गर्न सक्नेछन् । कार्यक्रम सम्पन्न भएपछि नियमित रुपमा असल शासन कार्यक्रमलाई प्रतिवेदन पठाउनु पर्ने छ ।



P.O.Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4268022
E-mail: gg@propublic.wlink.com.np propublic@wlink.com.np www.propublic.org

१२) *आर्थिक स्रोतः*

स्थानीय स्तरमा गठन भएका असल शासन क्लब, जिल्ला समन्वय समिति तथा महासंघले आर्थिक स्रोत आफैले व्यवस्था गर्नु पर्नेछ । साथै स्रोत उपलब्ध भएसम्म असल शासन कार्यक्रमले पनि उल्लेखित संरचनाहरुसँग कार्यक्रमगत सहकार्य गर्नेछ ।

जिवनाथ घिमिरे
क्लब संयोजन अधिकृत

विष्णु प्रसाद पोखरेल
कार्यक्रम अधिकृत

केदार खडका
निर्देशक, असल शासन कार्यक्रम, प्रो पब्लिक
२०६३ फागुन ११



P.O.Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4268022
E-mail: gg@propublic.wlink.com.np propublic@wlink.com.np www.propublic.org

PRO PUBLIC
PRO BONO PUBLICO
PRO PUBLIC
Forum for Protection of Public Interest
Seeking and obtaining social, economic, environmental and political justice for the disadvantaged and marginalised groups

Our Ref:

अनु सूचि -१

# असल शासन कार्यक्रम अर्न्तगत असल शासन क्लब गठन विधि

*प्रो पब्लिकको परिचयः* प्रो पब्लिक विगत १५ वर्षदेखि असल शासनको क्षेत्रमा काम गर्दै आएको राष्ट्रिय स्तरको गैरसरकारी संस्था हो । देशमा व्याप्त भ्रष्टाचार, ढिलासु स्ती तथा अनियमितता बिरूद्ध आवाज उठाउनु का साथै सार्वजनिक सरोकारका विषयमा अध्ययन अनु सन्धान गरी सम्वन्धित निकायलाई आफ्नो दायित्वप्रति सजग गराएर असल शासनको स्थापनामा सहयोग पु र्याउनु यस संस्थाको प्रमु ख उद्देश्य रहेको छ । यो संस्थामा वातावरण कानूनविद, पत्रकार, अर्थशास्त्री, इन्जिनियर, डाक्टर, उपभोक्ता तथा महिला हकका लागि काम गर्ने सक्रिय व्यवसायिक व्यक्तिहरूको सहभागिता रहेको छ ।

*असल शासन भनेको के हो ?*

साझा लक्ष्य प्राप्त गर्नका लागि संविधान, ऐन तथा कानु नसम्मत ढङ्गले स्वशासित हु ँदै शासन सञ्चालनमा सहभागी हु नु लाई असल शासन भनिन्छ । यसलाई छोटकरीमा अधिकारको समु चित प्रयोग पनि भनिन्छ । असल शासनमा कानु नको शासन, पारदर्शिता, जवाफदेहिता, सूचनाको हक र मानवअधिकारको प्रत्याभूतिका साथै वैधानिकता र विकेन्द्रीकरणको अवधारणालाई आत्मसात गरिएको हु न्छ । जनता नै राज्य शक्तिको मु ख्य स्रोत हो । जनताको सु ख, सु विधा र कल्याणको निमित्त उनीहरूले आफ्नो प्रतिनिधिहरूको छनौटद्वारा सरकारको गठन गर्दछन् । प्रतिनिधिमूलक व्यवस्थामा प्रतिनिधिहरू जनताप्रति उत्तरदायी र जिम्मेवार हु नु पर्छ । सरकारले जनताको हित हु ने काम गनु र्पर्छ । जनताद्वारा प्रत्यायोजित अधिकार प्रयोग गर्नेहरूले जनताप्रति जिम्मेवार भई शासन गनु र् नै असल शासन हो । मु लु कमा असल शासन स्थापनाका निम्ति कानून बमोजिमको शासन हु नु पर्छ । त्यसैगरी सरकार जनताप्रति जिम्मेवार बन्नु पर्छ साथै सरकारका काम कारवाहीमा पारदर्शिता हु नु पर्छ । सरकारका क्रियाकलापहरू स्वच्छ हु नु पर्छ । यसका निम्ति अधिकार प्राप्त व्यक्तिहरूले अख्तियारको दु रूपयोग र भ्रष्टाचार गर्न नहु ने र शक्तिको विकेन्द्रीकरणद्वारा स्थानीय निकायहरूलाई सक्षम र प्रभावकारी संस्थाको रूपमा विकसित गराउनु पर्छ । देशमा असल शासन हु नका लागि सरकारी काम कारवाहीमा पारदर्शिता हु नु का साथै सरकार जनताप्रति जवाफदेही हु नु पर्ने, सार्वजनिक काम कारवाही गर्दा जनतालाई जानकारी दिनु पर्ने, शक्ति वास्तविक अर्थमा तल्लो तह र निकायमा हु नु पर्ने र मानव अधिकारको संरक्षण हु नु पर्ने जस्ता आधारभूत अवस्थाहरू हु नु पर्छ ।



P.O.Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4268022
E-mail: gg@propublic.wlink.com.np propublic@wlink.com.np www.propublic.org

*असल शासन क्लव किन ?*

प्रो पब्लिकको असल शासन कार्यक्रमले निर्माण गरी रेडियो नेपाललगायत विभिन्न एफ.एम.हरूबाट प्रशारित असल शासन रेडियो कार्यक्रम नियमित सु न्नु , सु नेका कु रालाई सार्वजनिक बहसको विषय बनाउनु , कार्यक्रम सु नेर स्थानीय स्तरमा यस सम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्न, स्थानीय स्तरमा "Why Culture" र नागरिक सु नु वाईको अवधारणाको विस्तार गर्न, आफ्नो क्षेत्रमा कतै अनियमितता भएमा औलो ठड्याउन, सु धारको लागि पहल गर्न, राम्रा कामको प्रसंसा गर्न र अनैतिक काम गर्नेको विरोध गर्न । स्थानीय स्तरका कार्यालयहरू जस्तै जिविस,

नगरपालिका, गाविस, विद्यालय, हु लाक, कर, नापी, भूमिसु धार, मालपोत, गु ठी, जिप्रका, विद्यु त, खानेपानी, टेलिफोन, भन्सार लगायत अन्य सार्वजनिक हितका लागि खडा भएका संस्थाहरूले राम्रो काम गरेका छन् वा छैनन् अनु गमन गर्न, कतै कमीकमजोरी देखिएमा तत्काल बिरोध गर्न, निष्पक्ष भएर सामु हिक विरोधका लागि जनतालाई आव्हान गर्न र माथिल्लो निकायमा खबर गर्नका लागि स्थानीय स्तरमा खु लेका असल शासन क्लबहरूले काम गर्न सक्ने भएकाले यस्ता क्लब खोल्नु बाञ्छनीय देखिएको छ ।

असल शासन कार्यक्रम प्रशारण भएको छोटो अवधिमा नै स्वतःस्फूर्त रूपमा कार्यक्रमको ँबल ऋगिद अर्थात असल शासन क्लबहरूको गठन गरेर देशभरीका असल शासन प्रेमी जागरूक श्रोताहरूले कार्यक्रमप्रति ऐक्यवद्धता देखाएका छन् । यसरी क्लबहरू गठन हु नु लाई कार्यक्रमले श्रोताहरुका माझमा सकारात्मक प्रभाव पारेको हामीले अनु भव गरेका छौं । यस्ता क्लबहरुलाई असल शासन कार्यक्रमले संक्षिप्त विधान अर्न्तगत नियमित गर्ने प्रयास गरिएकोछ । साथै विधानसम्मत दर्ता भएका क्लबहरुलाई प्रो पब्लिकको असल शासनसँग सम्वद्ध भएको दर्ताको प्रमाणपत्र दिएर उनीहरुलाई भ्रष्टाचारको विरोध गर्न र असल शासनको वहालीको लागि स्थानीय स्तरमा काम गर्न उत्प्रेरित गर्दै गोलबन्द गर्ने प्रयास गरिनेछ । साथै असल शासन कार्यक्रमले क्लबहरूको क्षमता अभिवृद्धिका लागि कार्य गर्नेछ ।

***स्थानीय स्तरमा असल शासन क्लबहरूको भूमिका :*** असल शासन रेडियो कार्यक्रम नियमित सु न्नेस सु नेका कु रालाई स्थानीय स्तरमा सार्वजनिक बहसको विषय बनाउनेस स्थानीय स्तरमा यस सम्बन्धी विविध कार्यक्रम संचालन गर्नेस आफ्नो क्षेत्रमा कतै अनियमित भएमा औंला ठड्याउनेस स्थानिय स्तरमा भएका मानवअधिकार हननका घटनालाई अनु गमन तथा रिपोर्टिङ गर्ने, सु धारको लागि पहल गर्नेस राम्रा कामको प्रशंसा गर्ने र अनैतिक काम गर्नेको विरोध गर्ने । स्थानीय स्तरका कार्यालयहरू जस्तै- जिविस, नगरपालिका, गाविस, विद्यालय, हु लाक, कर, नापी, भूमिसु धार, मालपोत, गु ठी, जिप्रका, शिक्षा, कृषि, विद्यु त, खानेपानी, टेलिफोन, यातायात व्यवस्था, भन्सार लगायत अन्य सार्वजनिक हितका लागि खडा भएका संस्थाहरूले राम्रो काम गरेका छन् वा



P.O.Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4268022
E-mail: gg@propublic.wlink.com.np propublic@wlink.com.np www.propublic.org

PRO PUBLIC
PRO BONO PUBLICO

# PRO PUBLIC

Forum for Protection of Public Interest

Seeking and obtaining social, economic, environmental and political justice for the disadvantaged and marginalised groups

Our Ref:

छैनन् “नागरिक अनुगमन” गर्नेस कतै कमी कमजोरी देखिएमा तत्काल विरोध गर्नेस निष्पक्ष भएर सामुहिक विरोधका लागि नागरिकहरूलाई आव्हान गर्ने र माथिल्लो निकायमा खवर गर्ने जस्ता कामहरू स्थानीय स्तरमा खुलेका असल शासन क्लबहरूले गर्न सक्नेछन् । हालसम्म असल शासन क्लबमा गोलबन्द भै नसकेका तर हुनेक्रममा रहेका सक्रिय युवाहरूले पनि विकृतिका विरूद्ध आवाज उठाउन सक्छन् ।

साथै असल शासन कार्यक्रमको मासिक प्रकाशन असल शासन बुलेटिन नियमित पढ्ने, पढेका कुरालाई आफ्नो क्षेत्रमा बहसको विषय बनाउने, आफ्नो क्षेत्रमा भएका मानवअधिकार हननका घटनाको अनुगमन र रिपोर्टिङ गर्ने, जिल्लामा भएका विकास निर्माणका कार्यक्रमहरूको अनुगमन गर्ने, केही कमीकमजोरी भेटिएमा सम्वन्धित क्षेत्रमा उजुरी गर्ने, सो बाट पनि समस्या समाधान नभएमा असल शासन कार्यक्रममा खवर गरेर बुलेटिन र रेडीयो मार्फत विकृतिको भण्डाफोर गर्ने प्रयास गर्ने काम यी क्लबहरूले गर्न सक्छन् । आफ्नो गाउँ, जिल्ला, क्षेत्रबाट निर्वाचित राजनैतिक पार्टीका प्रतिनिधिहरूबाट समेत चुनाबको बेलामा प्रतिबद्ध गरेका काम र आचरण पालना भए नभएको निष्पक्ष भै खबरदारी गर्न सक्छन् । जिल्लामा आएको सम्पूर्ण बजेट स्वदेशी होस वा विदेशी आफ्नै लागि आएको हो र यसको दुरूपयोग हुनु भनेको आफैं ठगिनु हो भन्ने कुरालाई सार्वजनिक चासोको विषय बनाएर नागरिक सचेतनाको स्तर उठाउन सक्छन् ।

### *असल शासन क्लब गठन प्रक्रिया:*

- प्रो पब्लिकको असल शासन कार्यक्रमको सहयोगी संस्थाको रूपमा कार्य गर्न सहमत भएको हुनु पर्ने ।
- असल शासन क्लबहरू एउटा गाविसमा १८ वटासम्म र नगरपालिकाको प्रत्येक वडामा एउटा गठन गर्न सकिन्छ । यस बाहेक समूदायका व्यक्तिहरूले पनि स्वत:स्फूर्त रूपमा क्लब गठन गर्न सक्नेछन् । *(असल शासन क्लब जिल्ला समन्वय समिति र यसको महासंघ सम्बन्धी थप जानकारी माथि पेज नं. १ देखि ३ को दफा नं. १ देखि १२ सम्मबाट बुझ्न सकिन्छ)* ।
- कम्तिमा ७ जना पदाधिकारी ***(५० प्रतिशत महिला र एक जना जनजाति वा दलितमध्येबाट अनिवार्य)*** समावेश गरी क्लब गठन गर्न सकिनेछ । जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यलगायतका पद खडा गर्न सकिन्छ । महिनामा एकपटक बैठक बस्नु पर्नेछ ।
- क्लबहरूले स्थानीय स्वच्छ छवि बचाएर राख्न सफल व्यक्ति वा जनप्रतिनिधिहरूलाई सल्लाहकारको रूपमा राख्नसक्नेछ । क्लबले सदस्यको संख्या विस्तार गर्न सक्नेछ ।
- क्लबलाई जिप्रकामा दर्ता गर्ने वा नगर्ने भन्ने बारेमा क्लब स्वयंले निर्णय गर्नसक्नेछ ।
- क्लबका पदाधिकारीहरूको कार्यकाल २ बर्षको हुनेछ ।



P.O.Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4268022
E-mail: gg@propublic.wlink.com.np propublic@wlink.com.np www.propublic.org

- क्लबको नामांकित साइनवोर्ड हरियो वोर्डमा सेतो अक्षर राखी बनाउन सकिनेछ ।
- क्लबको स्टाम्प र लेटरप्याडमा तोकिएको किसिमको लोगो राख्न सकिनेछ ।
- लेटरप्याडमा क्लबको दर्ता नम्बर अनिवार्य रूपमा राख्न पर्नेछ ।
- यसरी गठन हु ने असल शासन क्लबहरू स्वतस्स्फूर्त रूपमा खु ल्ने भएकाले आफ्नै सकृयतामा विविध कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरेको जानकारी पठाउनु पर्ने, क्लब सञ्चालनको लाागि प्रो पब्लिकबाट कु नै आर्थिक सहायता उपलब्ध गराउन नसकिने ।
- क्लब दर्ताका लागि पत्र पठाउँदा सदस्यहरुको नामठुथरसँगै उनीहरुको दस्तखत अनिवार्य हु नु पर्नेछ । कार्यसमितिमा समावेश गरिएका पदाधिकारी महिला, जनजाति र दलित के हु न् छु ट्याएर पठाउनु पर्नेछ । साथै क्लबका पदाधिकारीहरूको शैक्षिक स्तर पनि अनिवार्य उल्लेख भएको हु नु पर्ने ।
- हरेक महिना क्लबको बैठक बसेर असल शासनका लागि स्थानीय जागरण, मानवअधिकार, शान्तिसम्बन्धी विविध कार्यक्रम सञ्चालन गनु र्पर्नेछ ।
- क्लबको नाम राख्दा ***असामान्य, व्यक्तिगत र अनर्थ*** लाग्ने किसिमको नाम राख्न पाइने छैन साथै नामको अगाडि, पछाडि वा बीचमा "असल शासन" भन्ने शब्द हु नु पर्नेछ ।
- पत्राचारका लागि वडा नम्बरसहितको गाविस वा नगरपालिकाको स्पष्ट ठेगाना उल्लेख भएको हु नु पर्नेछ साथै संभव भएसम्म सम्पर्क टेलिफोन नम्बर पनि उल्लेख गनु र्पर्नेछ ।
- साथै, क्लब अध्यक्षको एकप्रति अटोसाइजको फोटो पनि अनिवार्य पठाउनु पर्नेछ ।

माथि उल्लेखित असल शासन क्लबको गठन प्रक्रियाको प्राबधान असल शासन क्लबको पु नर्गठन गर्दा पनि लागु हु नेछ ।

*असल शासन क्लब विघटन*

- प्रो पब्लिकको असल शासन कार्यक्रमको उद्देश्य विपरित क्रियाकलापमा संलग्न भएमा ।
- गलत, भ्रामक र अतिरन्जित समाचार, सूचना वा जानकारी सम्प्रेषण गरेमा वा गैरकानु नी कृयाकलापमा संलग्न भएमा ।
- अमूक दलको राजनीतिक क्रियाकलापमा संलग्न भएको पाइएमा ।
- असल शासन क्लबको हकमा उसका वहु मत सदस्य र असल शासन क्लब जिल्ला समन्वय समितिका हकमा



P.O.Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4268022
E-mail: gg@propublic.wlink.com.np propublic@wlink.com.np www.propublic.org

सो समितिसँग आवद्ध क्लबका बहु मत सदस्यहरूले विशेष साधारणसभा बोलाएर तत्कालिन जिल्ला समन्वय समितिलाई विघटन गर्ने निर्णय गरी नयाँ कार्यसमिति बनेको अवस्थामा पु रानो समितिलाई खारेज गरी नयाँ बनेको समितिलाई मान्यता दिन सक्नेछ ।

जिवनाथ घिमिरे
क्लब संयोजन अधिकृत

विष्णु प्रसाद पोखरेल
कार्यक्रम अधिकृत

केदार खडका
निर्देशक, असल शासन कार्यक्रम, प्रो पब्लिक
२०६३ फागु न ११



P.O.Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4268022
E-mail: gg@propublic.wlink.com.np propublic@wlink.com.np www.propublic.org

PRO PUBLIC
Forum for Protection of Public Interest
Seeking and obtaining social, economic, environmental and political justice for the disadvantaged and marginalised groups

Our Ref:

# असल शासन क्लबका सदस्य एवं पदाधिकारीहरूको आचार संहिता, २०६०

## १. परिचय :

प्रो पब्लिक विगत एक दशक भन्दा अघिदेखि असल शासनको क्षेत्रमा काम गर्दै आएको राष्ट्रिय स्तरको गैरसरकारी संस्था हो । शासन सञ्चालनमा जनसहभागिता, पारदर्शिता र जवाफदेहिता अभिवृद्धिका लागि शृ ङ्खलाबद्ध रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले असल शासन परियोजनाले सञ्चालन गर्दै आएको असल शासन रेडियो कार्यक्रमको उद्देश्य, विषय छनोट र प्रस्तु तीलाई मन पराएर हालसम्म देशको ७५ वटै जिल्लामा ३ हजार ६ सय भन्दा बढी असल शासन क्लबहरू स्वतःस्फूर्त रूपमा गठन भैसकेकाछन् । यसरी क्लब खु ल्ने क्रम निरन्तर बढी रहेको छ । हालसम्म खु लेका क्लबहरूमा ३२ हजार भन्दा बढी सदस्यहरू आबद्ध भैसकेका छन् ।

देशमा असल शासन बहालीका लागि भ्रष्टाचारविरूद्ध गोलबन्द भएका क्लबका सदस्यहरू रेडियो सु न्ने श्रोतामात्र होइनन्, उनीहरू कार्यक्रममा प्रशारित सामग्री सु नेर स्थानीय स्तरमा असल शासन बहालीका लागि भ्रष्टाचारविरूद्ध विभिन्न जनचेतनामूलक गतिविधि पनि सञ्चालन गर्दै आएकाछन् । बर्तमान असहज परिस्थितिमा पनि क्लबहरूले भ्रष्टाचार विरोधी कार्यक्रमहरूलाई निरन्तरता दिइरहेका छन् । क्लबले सञ्चालन गरेका गतिविधिबाट स्थानीय स्तरमा अनु भूति गर्नसकिने गरि परिवर्तनहरू पनि आइरहेकाछन् । स्वतःस्फूर्त रूपमा संगठीत भएका क्लबका सदस्य एवं पदाधिकारीहरूको आचरण, चालचलन र व्यवहारले असल शासन परियोजनाको साथै क्लबले सञ्चालन गर्ने कार्यसम्पादनको स्तरलाईसमेत प्रभाव पार्ने भएकाले सदाचारको अभ्यास गर्न यो आचार संहिता लागू गरिएको छ । यसबाट असल शासन क्लबको आन्दोलनमा लागेका सदस्य लगायत पदाधिकारीहरूलाई अझ संयमित, अनु शासित र सदाचारिताको उदाहरण बन्न सहयोग पु ग्ने अपेक्षा गरिएको छ ।

यो आचार संहिता असल शासन क्लबका तर्फबाट स्थानीय, क्षेत्रिय र राष्ट्रिय स्तरमा सञ्चालन गर्ने गतिविधिमा संलग्न हु ने सम्पूर्ण सदस्यहरूलाई लागूहु नेछ । क्लबको कार्य समितिका पदाधिकारीहरूको आचार संहिताको पालनासम्बन्धी अनु गमन असल शासन परियोजनाका निर्देशकबाट हु नेछ । अन्य सदस्यहरूको आचार संहिता पालनासम्बन्धी अनु गमन क्लबका अध्यक्षद्वारा हु नेछ ।

यो आचार संहिताको पालना गर्ने सिलसिलामा कु नै विशेष परिस्थिति आइपरेमा असल शासन परियोजनाले यस सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ । साथै यो आचार संहिता आवश्यकता अनु सार परियोजनाले समयानु कु ल संशोधन पनि गर्न सक्नेछ ।

**२. आचार संहिताका उद्देश्यहरू:**

२.१ प्रो पब्लिकको असल शासन परियोजनाले निर्दिष्ट गरेका जनचेतना मूलक कार्यक्रमका माध्यमबाट कार्यान्वयन तथा नीतिनिर्माण तहमा जनसहभागिता, राज्य सञ्चालनमा पारदर्शीता र जवाफदेहीताको मु द्धालाई चर्काएर लाने ।

२.२ देशमा असल शासन बहालीका लागि सङ्गठीत रूपमा आ-आफ्नो स्थानबाट भ्रष्टाचारविरूद्ध स्पन्दनशील नागरिक समाज तयार गर्न लागीपर्ने ।

३.३ शान्ति मानवअधिकार र लोकतन्त्रको विषयलाई लिएर स्थानीयस्तरमा वकालत गनु र्पर्ने ।

२.४ सदाचार एवं नैतिक क्षेत्रमा असल शासन क्लबहरूले अनु करणीय संस्कृतिको विकास गरी स्थानीय सामाजिक परिवेशलाई तदनु रूप रूपान्तरणका लागि उदाहरण बनी मार्गदर्शन गर्ने ।

**३. पालना गर्नुपर्ने कार्यहरू :**

३.१ कु नै सरकारी वा सार्वजनिक संस्थामा अनियमितता भैरहेको छ वा हु न गैरहेको छ भन्ने जानकारी प्राप्त भएमा तत्काल क्लबका सदस्यहरूलाई जानकारी गराएर छलफल गरी आवश्यक लिनु पर्दछ ।

३.२ क्लबका पदाधिकारी एवं सदस्यहरूले क्लबको कामसँग सम्वन्धित सबै व्यक्तिलाई समान र उचित मानवीय व्यहार गनु र्पर्दछ ।

३.३ शान्ति, लोकतन्त्र र मानवअधिकारको पक्षमा वकालत गनु र्पर्दछ । मानवअधिकार हननका घटना हु ननदिन पहरेदारको भूमिका निर्वाह गनु र्पर्दछ ।

३.४ भ्रष्टाचार, अनियमितता, ढिलासु स्तीजस्ता कार्यविरूद्ध आवाज उठाएपछि त्यसमा सु धार आएको छ छैन भनेर अनिवार्य रूपमा निरन्तर समर्पित रहनु पर्दछ ।

३.५ क्लबको उद्देश्यप्रति सदासमर्पित भै रहनु पर्दछ ।

३.६ क्लबको हरहिसाब दु रूस्त र पारदर्शी राख्नु पर्दछ ।

**४. गर्नहुने कार्यहरू :**

४.१ स्थानीय स्तरमा असल शासन वहालीका लागि भ्रष्टाचारविरूद्ध स्पन्दनशील नागरिक समाज तयार गर्न निष्पक्ष एवं जिम्मेवारीपूर्ण ढङ्गले काम गर्न सकिनेछ ।

४.२ असल शासनका लागि शान्ति र मानवअधिकारको पक्षमा वकालत गर्न सकिन्छ । साथै प्रजातान्त्रिक अभ्यासलाई वढावा दिन कु नै पनि माध्यबाट वकालत गर्न सकिनेछ ।

४.३ भ्रष्टाचारविरूद्ध सङ्गठीत आवाज उठाउन समाजका कुनै पनि पेशा र व्यवसायमा संलग्न व्यक्तिहरू सदाचारीतालाई आत्मसात गरेर सहभागी हुन सकिनेछ । तर, क्लबमा आवद्ध व्यक्तिहरू कुनैपनि राजनैतिक पार्टीको सदस्यता नलिएको हुनु पर्नेछ ।

४.४ क्लबको गोपनियता एवं काम कारवाहीलाई प्रतिकूल असर नपर्ने खालका गतिविधिमा संलग्न हुन सकिने छ ।

## ५. गर्न नहुने कार्यहरु :

५.१ प्रचलित कानूनको वर्खिलाप हुने कुनै कार्य गर्नु हुँदैन ।

५.२ वैचारिक आस्था राख्न पाइन्छ तर क्लबमा रहुन्जेल कुनै राजनीतिक दल वा त्यस्तो दलको भातृसंस्थाको सदस्यता लिनु हुँदैन ।

५.३ असल शासन परियोजनासँग आवद्ध क्लबका सदस्यले असल शासन आन्दोलनमा विवाद सिर्जना हुने गरी गुटबन्दी गर्नु हुँदैन ।

५.४ आफूले सञ्चालन गर्ने कार्यहरू कसैको बहकाउमा लागेर रिसइवी साँध्ने खालको हुनु हुँदैन ।

५.६ क्लबको सर्वसम्मत निर्णयवेगर व्यक्तिगत रूपमा कसैका विरूद्ध उजुरी गर्ने, गालीवेइज्जति हुने गरी कार्यक्रम आयोजना गर्ने तथा समाचार सम्प्रेषण गर्ने काम गर्नु हुँदैन ।

५.७ भ्रष्टाचारको आरोपमा कानुनी कारवाही खेपिरहेका व्यक्तिले आयोजना गर्ने निजी भोजभतेरमा जानाजान सहभागी हुनु हुँदैन ।

५.८ कानुन वमोजिम बाहेक कुनै खास कार्य गर्न वा नगर्न सरकारी निकायका कर्मचारीहरूलाई दवाव दिनु हुँदैन ।

५.९ आ-आफ्नो ठाउँबाट भ्रष्टाचारविरूद्ध वकालत गर्ने सिलसिलामा सम्बन्धित निकायका पदाधिकारी एवं कर्मचारीहरूलाई जोरजुलुम गरी असिष्ट व्यबहार प्रदर्शन गर्नु हुँदैन ।

५.१० कानुनले सार्वजनिक गर्न भनिएका सरकारी दस्तावेज माग गर्दा सार्वजनिक पदधारण गरेका व्यक्तिहरूलाई अशिष्ट व्यबहार प्रदर्श गर्नु हुँदैन ।

५.११ आफू, आफन्त वा आफ्नो निकटका व्यक्तिहरूसँग सम्बन्धित कुनै काम अमूक तरीकाले गराउन वा नगराउन सार्वजनिक पदधारण गरेका व्यक्तिलाई दवाव दिएर काम गराउन वा गर्न लगाउनु हुँदैन ।

५.१२ प्रो पब्लिकको असल शासन परियोजनाले उपलव्ध गराएको परिचयपत्रको दुरूपयोग गरी अनुचित लाभ लिन खोज्नु हुँदैन ।

५.१३ आफ्नो वा अरू कसैको व्यक्तिगत लाभ वा प्रतिशोधका लागि भ्रष्टाचार सम्बन्धी जथाभावी उजुरी गर्न वा गराउन लगाउनु हुँदैन ।

Our Ref:

५.१४ क्लबको सदस्यको हैसियतले व्यक्ति वा संस्थाबाट ५०० रूपैयाँ भन्दा बढीको कुनै कोसेली वा उपहार ग्रहण गर्नु हुँदैन ।

५.१५ क्लबको सदस्यको हैसियत देखाएर कसैलाई जोरजुलुम वा अनुचित दवाव दिएर कुनै किसिमको सुविधा लिनु हुँदैन ।

५.१६ आफ्नो पदीय हैसियत आफू वा आफ्नो परिवारका वा कसैको लाभ पुग्ने गरी प्रयोग गर्नु हुँदैन ।

५.१७ प्रो पब्लिकको असल शासन कार्यक्रमको नाम प्रयोग गरी कुनै व्यक्ति वा संस्थासँग चन्दा (नगदी वा जिन्सी) उठाउनु हुँदैन ।

५.१८ क्लबको लेटरप्याड, पत्रिका तथा प्रकाशन आदिमा पूर्वस्वीकृति बेगर प्रो पब्लिकको छाप (लोगो) प्रयोग गर्नु हुँदैन ।

५.१९ क्लबको सम्पत्ति वा सुविधा निश्चित प्रयोजनको लागि वा आफ्नो मर्यादा र हैसियतलाई सुहाउँदो किसिमले बाहेक अन्य व्यक्तिगत काममा प्रयोग गर्नु हुँदैन ।

................................
केदार खडका
निर्देशक, असल शासन कार्यक्रम
१७ फागुन २०६०

P.O.Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4268022
E-mail: gg@propublic.wlink.com.np propublic@wlink.com.np www.propublic.org